नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

फो.नं.
४२००२६०,४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७७/७८
चलानी नम्बरः- 30

मितिः- २०७७/०४/२६

विषयः- आर्थिक वर्ष २०७६/७७ को वार्षिक आर्थिक विवरण लगायतका प्रतिवेदन बारे ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, (सबै ७७)
श्री स्थानीय तह, (सबै ७५३)

यस मन्त्रालयको आर्थिक विवरण तयारी कार्यमा विगत वर्षहरुदेखि नै जिल्ला समन्वय समितिको कार्यालय र स्थानीय तहहरुबाट सक्रियताका साथ कार्य गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु । कार्य सञ्चालन स्तरका कार्यालयहरुबाट वार्षिक रुपमा गरेको आर्थिक कारोबारको सही र भरपर्दो रुपमा समयमानै केन्द्रमा प्रतिवेदन प्राप्त होस र केन्द्रीय हिसाव कार्त्तिक मसान्त अगावै तयार गरी महालेखा परीक्षकको कार्यालय र महालेखा नियन्त्रक कार्यालयमा पेश गर्न सकियोस भन्ने उद्देश्यले जिल्ला समन्वय समितिको कार्यालयहरु, स्थानीय तहहरु सबैले आर्थिक वर्ष २०७६/७७ मा गरेको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी/गराई सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हिसाब भिडान (प्रमाणित) गरी निम्न अनुसारका प्रतिवेदनहरु लिई तालिकामा उल्लिखित मितिमा यस मन्त्रालयको आर्थिक प्रशासन शाखामा अनिवार्य रुपमा पठाईदिनु हुन समेत जानकारी गराउँदछु । त्यस कार्यालयलाई प्राप्त सम्पूर्ण अख्तियारीको विनियोजन, राजश्व, धरौटीको आर्थिक विवरणहरु कोष तथा लेखा नियन्त्रक कार्यालयबाट अनिवार्य रुपमा प्रमाणित गराई पठाईदिनु हुन जानकारी गराँउदछु ।

१. पेश गर्नुपर्ने विवरणहरुः

क) विनियोजन तर्फः

१. वार्षिक बजेट र रकमान्तर समेत देखिने कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा प्रमाणित गरीएको वार्षिक आर्थिक विवरण ( वैदेशिक श्रोत समावेश भएकोमा सो समेत देखिने गरी) ,
२. अर्थ बजेटबाट प्राप्त निकासाको कुन कुन ब.उ.शि.नं. मा प्राप्त भएको हो, सोही शिर्षकको आर्थिक विवरण,
३. फछ्यौंट गर्न बाँकी पेश्कीको विवरण,
४. २०७७ आषाढ महिनाको खर्चको फाँटबारी
५. भुक्तानी दिन बाँकी हिसावको विवरण ( कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित),
६. वस्तुगत सहायता र सोझै भुक्तानीको विवरण (संलग्न ढाँचा अनुसार) ,
७. NEPSAS BASED REPROT तयार गर्नको लागि आवश्यक विवरण (संलग्न ढाँचा अनुसार),

ख) राजश्व तर्फः-

१. नेपाल सरकारको राजश्वको वार्षिक आर्थिक विवरण
२. स्थानीय तहको आम्दानको एकीकृत वार्षिक विवरण

ग) धरौटी तर्फः-

१. धरौटीको वार्षिक आर्थिक विवरण
२. व्यक्तिगत धरौटीको विवरण, नाम नामेसी

घ) आन्तरिक लेखापरीक्षण सम्बन्धीः-

१. आन्तरिक लेखापरीक्षण प्रतिवेदन

ङ) योजना र अन्य विवरणः-

१. जिन्सी मौज्दातको वार्षिक विवरण,
२. जिन्सी निरीक्षण प्रतिवेदन,
३. आर्थिक कार्यविधि नियमावली, २०६४ को अनुसूची १४ (संक्षिप्त वार्षिक प्रतिवेदन)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०,४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्या:- २०७७/७८
चलानी नम्बरः-

<u>वार्षिक प्रतिवेदन तयार गर्दा ध्यान दिनुपर्ने कुराहरुः-</u>

१. उल्लिखित विवरणहरु मध्ये आन्तरिक लेखापरीक्षणबाट प्रमाणित हुनुपर्ने विवरणहरु कोष तथा लेखा नियन्त्रक कार्यालय/ आ.ले.प.शाखा बाट प्रमाणित भएको हुनुपर्नेछ ।
२. विवरणहरु सम्बन्धित बैंक र कोष तथा लेखा नियन्त्रक कार्यालयको विवरणसँग भिडाइ तयार गर्नुपर्दछ ।
३. तोकिएको समयभित्र विवरण तयार गरी नपठाउने सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखलाई प्रचलित नियम अनुसार आवश्यक कारबाही हुने भएकोले यस तर्फ सजग हुनु हुनेछ।
४. LMBIS अनुरुप छुट्टा छुट्टै बजेट उपशिर्षकको छुट्टा छुट्टै रुपमा आर्थिक विवरण तयार गरी कुनै पनि बजेट उप शिर्षक नछुटाई पठाउनु पर्नेछ । वैदेशिक सहायतामा सञ्चालित आयोजनाको हकमा सोझै भुक्तानी र वस्तुगत सहायताको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रविष्टि गरी आर्थिक विवरण तयार गर्नुपर्नेछ ।
५. विवरण पठाँउदा मन्त्रालयबाट LMBIS मा प्रविष्टि नभएका तर अन्य मन्त्रालयबाट प्रदान गरीएका र सोझै दाताहरुबाट जिल्ला समन्वय समिति तथा स्थानीय तहमा प्राप्त भएको रकम समेत छुट्टै विवरण पेश गर्नु पर्दछ ।
६. विभाग/ आयोजना/ कार्यक्रमहरुले उल्लिखित विवरण तयार गर्दा आफु अन्तर्गतका जिल्लामा सञ्चालित विभिन्न आयोजना/ कार्यक्रमको समेत आर्थिक विवरण संकलन गरी एकीकृत वार्षिक विवरण तयार गरी तोकिएको समय भित्रै पेश गर्नुपर्दछ ।
७. सशर्त अनुदानमा गएको रकम आ.व.को अन्त्यमा खर्च नभै बाँकी रहेको भए अनिवार्य रुपमा फ्रिज गर्नुपर्नेछ । नियमानुसार फ्रिज गर्नुपर्ने रकम फ्रिज नगराउने उद्देश्यले अन्यत्र सारिएको र फ्रिज नगराएको पाइएमा अख्तियारवालालाई आर्थिक अनुशासन पालना नगरेको भनी कारबाही हुनेछ ।
८. आर्थिक विवरण तयार गर्दा खर्च शिर्षक र श्रोत पछि सम्म फरक नपर्ने गरी तयार गर्नुपर्नेछ ।
९. आफुले पेश गरेको विवरणको शुद्धताको घोषणपत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ । यसरी घोषित विवरणमा फरक परेमा कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखलाई कारबाही गरीने छ ।
१०.विवरण पूर्ण रुपमा तयार भैसकेपछि यस मन्त्रालयले तोकेको समय तालिकामा खटिई आउने आर्थिक प्रशासन शाखा प्रमुखलाई विवरण बुझाएको Clearance सहित अनिवार्य रुपमा लिनुपर्नेछ ।
११.समयमा प्रतिवेदन तयार गर्ने र हिसाव भिडाउने लगायतका कार्य गर्ने कर्मचारी एवं कार्यालय प्रमुखको कार्यसम्पादनलाई कार्य सम्पादन सूचकाङ्कको आधारमा मूल्याङ्कन गरीने एवं सामुहिक रुपमा कार्यालय तथा कर्मचारीहरुको कार्यक्षमताको मूल्याङ्कन गरी यथाशीघ्र उत्प्रेरणासँग आवद्ध गराइने समेत जानकारी गराएको छु ।
१२.मन्त्रालयमा बुझाउनुपर्ने विवरणहरु लिई आँउदा पूर्ण तयारीका साथ आउनुहुन अन्यथा कर्मचारी आवतजावत गर्दा खर्च बढ्ने एवं समयमा हिसाव भिडान गर्न नसकिने व्यहोरा जानकारी गराउँदछु ।
१३.विगतमा हिसाव भिडान गर्न आउँदा श्रेस्ता बुझ्ने कर्मचारी र सम्पर्क व्यक्ति स्पष्ट नहुँदा जिम्मेवारी लिने कर्मचारीले लामो समयसम्म श्रेस्ता एकीकृत गर्न नसकी जिल्ला स्थित कार्यालयहरुको खाता रोक्का गर्ने सम्मको कारबाही गर्दा पनि श्रेस्ता अद्यावधिक हुन नसक्दा महालेखा नियन्त्रक कार्यालयको विवरण लिई हिसाव भिडान गर्नुपर्ने अवस्था आएको हुँदा आ.व. २०७६/७७ को श्रेस्ता तथा कागजात लिई आउँदा आर्थिक प्रशासन शाखामा कार्यरत निम्नानुसार कर्मचारीलाई जिम्मा तोकिएको हुँदा निजहरुलाई श्रेस्ता बुझाई हिसाव फरफारक गरेपछि मात्र फिर्ता पठाईने हुँदा सो अनुसारका कर्मचारीलाई सम्पर्क गरी श्रेस्ता बुझाउनु होला । आर्थिक विवरण तयार गर्ने कार्यमा द्विविधा भएमा निजहरुसँग सम्पर्क गर्न समेत जानकारी गराउँदछु ।

<u>सम्पर्क व्यक्तिः</u>

१. उप सचिव - बाबुराम ज्ञवाली (९८४९०५६८३३)
२. लेखा अधिकृत - उमेश्वर प्रसाद काफ्ले (९८५११४५६११)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०,४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७७/७८
चलानी नम्बरः-

३. लेखा अधिकृत- सरोज सुवेदी (९५११८६६६३)
४. लेखापालः- युवराज थापा मगर (९८४२८१९२४५)

(सुर्य प्रसाद गौतम)
सचिव

**बोधार्थः-**

श्री महालेखा परीक्षकको कार्यालय,
बबरमहल, काठमाण्डौ ।

श्री महालेखा नियन्त्रक कार्यालय,
कोष प्रशासन महाशाखा,
अनामनगर, काठमाण्डौ ।

श्री स्थानीय पूर्वाधार विभागः- यस अनुसार आफू मातहत LMBIS प्रविष्टि गरीएका निकाय/ आयोजनाहरुलाई समयमै आर्थिक प्रतिवेदन तयार गर्न लगाई Compile गरी एकीकृत आर्थिक विवरण २०७७ आश्विन मसान्त सम्म मन्त्रालयमा पेश गर्नुहुन ।

श्री आयोग/ आयोजना / समिति/
प्रतिष्ठान सबैः

१. यस अनुसार आफू मातहत LMBIS प्रविष्टि गरीएका निकाय/ आयोजनाहरुलाई समयमै आर्थिक प्रतिवेदन तयार गर्न लगाई एकीकृत रुपमा आयोजनागत रुपमा यसैसाथ संलग्न तलिका अनुसार मन्त्रालयमा आर्थिक विवरण पेश गर्नुहुन ।
२. आयोजनाको Un-Audited Financial Statement असोज मसान्त भित्रै तयार गरी पेश गर्नुहुन
३. आयोजनाको Audited Financial Statement पौष मसान्तभित्रै तयार गर्ने गरी कार्य सम्पादन गर्नुहुन ।

श्री सूचना तथा प्रविधि शाखा,
सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मन्त्रालयको website मा राखिदिनु हुन ।

नेपाल सरकार
सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०,४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७७/७८
चलानी नम्बरः-

## अन्तिम प्रतिवेदन तयार पार्दा ध्यान दिनु पर्ने थप बुँदाहरु

क. विनियोजन तर्फः-

१. वार्षिक आर्थिक विवरणः- यस मन्त्रालय एवं अन्य मन्त्रालयबाट प्रदान गरीएका सबै अख्तियारी (LMBIS स्वीकृती) अनुसारको छुट्टाछुट्टै आर्थिक विवरण तयार गर्नु पर्नेछ ।

२. मन्त्रालयबाट LMBIS प्रविष्टि स्वीकृती नभएका, अन्य मन्त्रालयबाट र सिधै विभिन्न दाताहरुबाट विशेष कार्यक्रम सञ्चालन गर्न प्राप्त रकम समेत अलग्गै रुपमा समावेश गरी आर्थिक विवरण तयार गर्नुपर्नेछ ।

३. पेश्की बाँकीको विवरणः- आर्थिक वर्षको अन्त्यमा फछ्यौट गर्न बाँकी पेश्कीको विवरण म.ले.प.फा. नं. २११ को ढाँचामा पठाउनु पर्नेछ ।

४. खर्चको फाँटबारीः- खर्चको विवरण म.ले.फा.नं. २१० को ढाँचामा पठाउनु पर्नेछ ।

५. भुक्तानी दिन बाँकीको विवरणः-यो विवरण म.ले.प.फा.नं. २२१ निम्न बमोजिमको ढाँचामा प्रत्येक बजेट उप शिर्षकको अलग अलग रुपमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी पठाउनु पर्नेछ ।

आ.व. २०७६/७७ को भुक्तानी दिन बाँकीको केन्द्रीय आर्थिक विवरण (म.ले.प.फा.नं. २२१) बजेट उपशिर्षक अनुसार छुट्टाछुट्टै

| मिति | विवरण | गो.भौ.नं. | डेबिट | | क्रेडिट | | डे/क्रे. | बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | रु. | पै | रु. | पै | | रु. | पै |
| २०७७/०३/३० | तलब | | | | | | | | |
| | स्थानीय भत्ता | | | | | | | | |
| | महंगी भत्ता | | | | | | | | |
| जम्मा | | | | | | | | | |

नोटः- अर्को वर्ष भुक्तानी दायित्व सार्न नमिल्ने कार्यको लागि भुक्तानी दायित्व सार्न पाइने छैन ।

६. NEPSAS Based Report तयार गर्नको लागि आवश्यक विवरण (संलग्न ढाँचा अनुसार)

७. नेपाल सरकारको राजश्वको वार्षिक आर्थिक विवरण म.ले.प.फा.नं. ११३ को ढाँचामा तयार गर्नु पर्नेछ ।

ख.आन्तरिक आम्दानी तर्फ (अनुसूची ५)

| आम्दानीको शिर्षक | आ.व. २०७६/७७ को प्राप्त हुनु पर्ने कूल आम्दानी (सभाले पास गरे बमोजिम) | आ.व. २०७६/७७ मा स्थानीय तहमा प्राप्त रकम | | | कैफियत |
|---|---|---|---|---|---|
| | | गत विगत आ.व. सम्मको | यस आ.व. को | जम्मा | |
| स्थानीय कर | | | | | |
| पूर्वाधार उपयोग कर | | | | | |
| क्रमश... | | | | | |
| सेवा शुल्क | | | | | |
| भौतिक सुविधा सेवा शुल्क | | | | | |
| क्रमश... | | | | | |
| दस्तुर | | | | | |
| केवलकार दस्तुर | | | | | |
| क्रमश... | | | | | |
| बिक्रीबाट श्रोत | | | | | |
| क्रमश... | | | | | |
| क्रमश... | | | | | |

नेपाल सरकार
सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०,४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७७/७८
चलानी नम्बरः-

## सोझै भुक्तानीको विवरण

| प्रकार | लाभाम्वित निकायको नाम | दाता/परियोजनाको नाम | खर्च शिर्षक नं. | खर्च शिर्षक | प्रकार | मुद्रा | वैदेशिक मुद्रामा रकम | नेपाली मुद्रामा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

## सम्पत्तिको विवरण

| आर्थिक वर्ष | वर्ग | निकाय | विवरण | एकाइ | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | क | जग्गा | | | | यस वर्ष थप भएको कारोबारको मात्र प्रविष्टि गर्नुपर्नेछ । |
| | जि.स.स. | भवन | | | | यस वर्ष थप भएको कारोबारको मात्र प्रविष्टि गर्नुपर्नेछ |
| | स्थानीय तह | | | | | |
| | ख | कार्यालय उपकरण फर्निचर तथा फिक्चर्स | | | | यस वर्ष थप भएको कारोबारको मात्र प्रविष्टि गर्नुपर्नेछ |
| | | | | | | |
| | ग | सवारी साधनहरु | | | | यस वर्ष थप भएको कारोबारको मात्र प्रविष्टि गर्नुपर्नेछ |
| | | | | | | |
| | घ | मेसिनरी उपकरणहरु | | | | यस वर्ष थप भएको कारोबारको मात्र प्रविष्टि गर्नुपर्नेछ |
| | | | | | | |
| | ङ | अभौतिकक (intangible) सम्पत्ति | | | | यस वर्ष थप भएको कारोबारको मात्र प्रविष्टि गर्नुपर्नेछ |
| | | जम्मा | | | | |

## ग. वार्षिक आय-व्यय विवरण

| गत वर्ष अनुमानित रकम रु. | गत वर्ष वार्षिक रकम रु. | आय शिर्षक | यस वर्ष अनुमानित रकम रु. | यस वर्ष वास्तविक रकम रु. | गत वर्ष रकम रु. | व्यय शिर्षक | स्वीकृत बजेट | खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|
| | शुरु मौज्दात | | | | | चालु खर्च | | |
| | बैंक रु. | | | | | पूँजिगत खर्च | | |
| | नगद रु. | | | | | पेश्की<br>सञ्चालन खर्च तर्फ<br>कार्यक्रम खर्च तर्फ | | |
| | आन्तरिक श्रोत | | | | | सापटी | | |
| | १<br>२.<br>३.<br>४. | | | | | मौज्दात<br>बैंक मौज्दात<br>नगद मौज्दात | | |
| | बाह्य श्रोत<br>१.<br>२. | | | | | | | |

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

फो.नं.
४२००२६०,४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७७/७८
चलानी नम्बरः-

८. धरौटी तर्फः-

धरौटीको वार्षिक आर्थिक विवरणः- यो विवरण तपशिल अनुसारको ढाँचामा संघ प्रदेशबाट विनियोजित बजेट तर्पफको र जि.स.स./ स्थानीय तहको आफ्नो आम्दानी तर्फको छुट्टाछुट्टै धरौटीको विवरण पठाउनु पर्नेछ । साथै व्यक्तिगत धरौटी खाताको हिसाबसँग भिडाई बैंक मौज्दातको विवरण समेत संलग्न राखी पठाउनु पर्नेछ ।

........................... जिल्ला समन्वय समितिको कार्यालय

............................. पालिकाको नाम

**आ.व. २०७६/७७ को धरौटीको आर्थिक विवरण**

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | आम्दानी<br>गत आ.व.को जिम्मेवारी सारेको<br>चालु आ.व. को<br>जम्मा | |
| २ | खर्च<br>सदर स्याहा<br>फिर्ता<br>जम्मा | |
| ३ | श्रेस्ता अनुसार बाँकी<br>नगद रु............<br>बैंकमा रु................<br>जम्मा रु................ | |
| ४ | बैंक अनुसार बाँकी | |
| ५ | फरक रकम (३-४) | |
| ६ | फरक पर्नाको कारण | |
| ७ | धरौटी खाता नं. | |
| ८ | खाता रहेको बैंक | |

९. बेरुजु तर्फः-

| सि.नं. | ब.उ.शि.नं. | आ.व. २०७५/७६ सम्मको बेरुजु | | | जम्मा | आ.व. २०७६/७७ मा फछ्यौट | | | | जम्मा | फछ्यौट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नियमित गर्ने | असुल | पेश्की अन्य | | नियमित गर्ने | असुल | पेश्की | अन्य | | |
| | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | |

नोटः-

१ बेरुजु अङ्क छुट्याउँदा केन्द्रीय शिर्षक तर्फको र कोष तर्फको छुट्टाछुट्टै देखिने गरी उल्लेख गर्नुपर्नेछ ।

२ स्थानीय तहको बेरुजुको अभिलेख राख्ने प्रयोजनको लागि आ.व. २०७३/७४,२०७४/७५ र २०७५/७६ को म.ले.प. प्रतिवेदनको PDF फाइल बनाई Soft copy साथमा लिई आउनु हुनेछ ।

१०. अन्य मन्त्रालय/ निकायबाट प्राप्त रकम

| सि.नं. | ब.उ.शि.नं. | मन्त्रालयको नाम | कार्यक्रमको नाम | अख्तियारी रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| जम्मा | | | | | | | |

नोटः- माथि दिईएको ढाँचामा रकम उल्लेख गर्दा कुल अङ्क उल्लेख गर्नु पर्नेछ ।

नेपाल सरकार
सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०,४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७७/७८
चलानी नम्बरः-

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

.......................... कार्यालय

आ.व. २०७६/७७

## आर्थिक विवरण शुद्ध रहेको घोषणा

१. यस कार्यालयले गरेका सबै आर्थिक कारोबारको सम्पूर्ण विवरण पेश गरीएको छ ।
२. यसरी पेश गरीएको विवरण तोकिएको ढाँचामा तयार गरीएको छ ।
३. सबै आर्थिक विवरण उपशिर्षकगत रुपमा तयार गरी प्रमाणित गरीएका (कोष तथा लेखा नियन्त्रक कार्यालय वा आ.ले.प. शाखाबाट ) छन् ।
४. सबै आम्दानी तथा खर्चको कार्यालयगत विवरण र बैंक विवरण भिडेको छ । नभिडेका उपशिर्षकहरुको हकमा नभिड्नुको कारण स्पष्ट रुपमा उल्लेख गरीएको छ ।
५. जिल्ला समन्वय समिति/ स्थानीय तहको एकीकृत वार्षिक हिसाब शुद्धसँग तयार गरीएको छ ।
६. आर्थिक विवरणमा उल्लेख गरीएका अंकहरु त्रुटीरहित छन् ।
७. धरौटीको गत वर्षको बाँकी मौज्दात चालु वर्षमा अल्या गर्दा भिडेको छ । नभिडेकोमा स्पष्ट कारणहरु उल्लेख गरीएको छ ।

| | |
|---|---|
| दस्तखतः- | दस्तखतः- |
| नाम, थरः- | नाम, थरः- |
| पदः- आर्थिक प्रशासन शाखा प्रमुख | पदः- जिल्ला समन्वय अधिकारी/ प्रमुख प्रशासकीय अधिकृत |
| मितिः- | मितिः- |

नेपाल सरकार
सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०,४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७७/७८
चलानी नम्बरः-

जिल्ला समन्वय समिति र स्थानीय तहका कार्यालयहरुले संलग्न कार्य तालिकामा तोकिएको दिनहरुमा यस मन्त्रालयमा आई अन्तिम प्रतिवेदन बुझाउनु पर्नेछ ।

पहिलो समूहः

| सि.नं. | कार्यालयको नाम | विवरण बुझाउने मिति |
|---|---|---|
| १ | **जिल्ला समन्वय समितिको कार्यालय** दाङ्ग, सल्यान, बाँके, बर्दिया, सुर्खेत, जाजरकोट, दैलेख, कैलाली, डोटी, अछाम, बाजुरा, बझाङ्ग, दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर ।(१६) | २०७७ भाद्र २४ गते |

दोश्रो समूह

| सि.नं. | कार्यालयको नाम | विवरण बुझाउने मिति |
|---|---|---|
| १ | **जिल्ला समन्वय समितिको कार्यालय** लमजुङ्ग, कास्की, पर्वत, बाग्लुङ्ग, म्याग्दी, मस्ताङ्ग,मुगु, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, रुकुम पूर्व, रुकुम पश्चिम, रोल्पा, प्युठान । (१५) | २०७७ भाद्र २५ गते |

तेश्रो समूह

| सि.नं. | कार्यालयको नाम | विवरण बुझाउने मिति |
|---|---|---|
| १ | **जिल्ला समन्वय समितिको कार्यालय** रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, पाल्पा, गुल्मी, स्याङ्जा, तनहुँ, गोरखा, मनाङ्ग । (१५) | २०७७ भाद्र २६ गते |

चौथो समूह

| सि.नं. | कार्यालयको नाम | विवरण बुझाउने मिति |
|---|---|---|
| १ | **जिल्ला समन्वय समितिको कार्यालय** सिरहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ्ग, नुवाकोट, काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलान्चोक, मकवानपुर । (१६) | २०७७ भाद्र २८ गते |

पाँचौ समूह

| सि.नं. | कार्यालयको नाम | विवरण बुझाउने मिति |
|---|---|---|
| १ | **जिल्ला समन्वय समितिको कार्यालय** ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, मोरङ्ग, सुनसरी, सप्तरी, सोलुखुम्बु, खोटाङ्ग, उदयपुर, ओखलढुंगा (१५) | २०७७ भाद्र २९ गते |

११. **कोभिड - १९ को कारण असहज परिस्थितिलाई मध्यनजर राखी स्थानीय तहहरुले अनुकुल समय मिलाई वार्षिक आर्थिक विवरण तथा बेरुजु** लगायतका उल्लेखित विवरणहरु **२०७७ असोज मसान्त भित्र बुझाई** सक्नु पर्नेछ ।

१२. <u>केन्द्र तर्फः-</u>

| सि.नं. | कार्यालयको नाम | विवरण बुझाउने मिति |
|---|---|---|
| १ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत एवं सबै कार्यक्रमहरु | २०७७ भाद्र ३० र ३१ गते |
| २ | स्थानीय पूर्वाधार विभाग र अन्तर्गतका योजना/ आयोजना/ कार्यक्रमहरु | |
| ३ | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | |
| ४ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | |
| ५ | राष्ट्रिय किताबखाना (निजामती) | |
| ६ | निजामती कर्मचारी अस्पताल विकास समिति | |
| ७ | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | |
| ८ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | |